**ज्योति विकास बैंक लिमिटेडको**
**सोह्रौं वार्षिक साधारणसभामा भएका कामकारबाहीको विवरण (माइन्युट)**

ज्योति विकास बैंक लिमिटेडको मिति २०८० साल पुस ६ गते शुक्रबार बसेको सञ्चालक समितिको ४७४ औं बैठकको निर्णयअनुसार मिति २०८० साल पौष ७ र ९ गते सार्वजनिक सूचना प्रकाशित गरी मिति २०८० पौष २९ गते बोलाइएको सोह्रौं वार्षिक साधारणसभामा प्रस्ताव गरिएका विषयहरू माथि छलफल तथा निर्णय गर्न भिडियो कन्फरेन्स (Virtual Zoom Meeting) समेतबाट सेयरधनीले सहभागिता जनाउन सक्ने गरी कम्पनी ऐन, २०६३ तथा विकास बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बैंकका अध्यक्ष श्री हरि चन्द्र खड्काको अध्यक्षतामा सम्पन्न सोह्रौं वार्षिक साधारणसभाका कामकारबाहीका विवरण एवम् निर्णय पुस्तिका (माइन्युट) देहायबमोजिम रहेको छ ।

१. **सभा सम्पन्न मिति, समय र स्थान :**

**मिति : २०८० साल पौष २९ गते आइतवार (तदनुसार १४ जनवरी, २०२४)**
**समय : बिहान ११:०० बजे ।**
**स्थान : लिसारा रिसेप्सन, नक्साल, काठमाडौं ।**

२. **उपस्थिति :**

**(क) सञ्चालकहरूको उपस्थिति :**

| | |
|---|---|
| १) श्री हरि चन्द्र खड्का | - अध्यक्ष |
| २) श्री सन्तोष अधिकारी | - सञ्चालक |
| ३) श्री राम कुमार श्रेष्ठ | - सञ्चालक |
| ४) श्री ध्रुव कोइराला | - सञ्चालक |
| ५) श्री मन महर्जन | - सञ्चालक |
| ६) श्री नरेश राज आचार्य | - सञ्चालक |
| ७) श्री सुरेन्द्र बहादुर नेपाली | - सञ्चालक |

**(ख) व्यवस्थापनका पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| १) श्री कपिल ढकाल | प्रमुख कार्यकारी अधिकृत |
| २) श्री पारस राज कंडेल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३) श्री प्रकाश बराल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ४) श्री सुशील कुमार शर्मा | नायब महाप्रबन्धक |
| ५) श्री बलदेव थापा | कम्पनी सचिव |
| ६) श्री उमा श्रेष्ठ | प्रमुख वित्त अधिकृत |

**(ग) अन्य आमन्त्रित उपस्थिति :**

| | |
|---|---|
| १) अधिवक्ता श्री संजिब कुमार लामा | निर्वाचन अधिकृत |
| २) श्री प्रकाश जंग थापा | वाह्य लेखापरीक्षक |
| ३) श्री अर्जुन खड्का | कम्पनी रजिष्ट्रारको कार्यालय |
| ४) श्री श्रीराम पौडेल | कम्पनी रजिष्ट्रारको कार्यालय |

**(घ) सेयरधनीहरूको उपस्थिति :**

१) उपस्थित सेयरधनीहरूको सङ्ख्या

| | |
|---|---|
| (क) स्वयम् उपस्थित | ४२२ जना |
| (ख) प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित | ६४३ जना |
| (ग) भिडियो कन्फरेन्समार्फत उपस्थित | ४४ जना |

**३. छलफलका विषय :**

**(क) सामान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को २०८० असार मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।



JYOTI BIKASH BANK LTD. KAMALPOKHARI

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

(४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (आ.व. २०७९/८० को वाह्य लेखापरीक्षक P.J.P.N & Co. नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

(५) सर्वसाधारण सेयरधनी (समूह "ख") को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने महिला सञ्चालकको समयावधि समाप्त भई रिक्त हुने १ जना सञ्चालकको निर्वाचन गर्ने । यस विकास बैंकको हाल कायम सञ्चालक समितिको संरचना र कम्पनी ऐन २०६३ को दफा ८६(२) मा एक महिला सञ्चालक अनिवार्य रहनुपर्ने बाध्यात्मक व्यवस्था भएबमोजिम उक्त निर्वाचनमा महिला सेयरधनीले मात्र उम्मेदवारी दिन सक्नेछन् ।

**(ख) विशेष प्रस्ताव :**

(१) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानुनबमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(२) सञ्चालक समितिका अध्यक्ष र सञ्चालकको भ्रमण भत्ता समयानुकूल समायोजन गर्न बैंकको नियमावलीको दफा ३२ को 'ग' मा संसोधन गर्ने र सामूहिक लगानी कोष/PEVC/Hedge Fund जारी गर्नका लागि बैंकको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गर्ने ।

(३) उपरोक्त उल्लिखित विषयका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सोअनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**४. सूचना प्रकाशनः**

मिति २०८० साल पुस ६ गते शुक्रबार बसेको सञ्चालक समितिको ४७४ औं बैठकको निर्णय तथा कम्पनी ऐनमा भएको व्यवस्थाबमोजिम यस ज्योति विकास बैंक लिमिटेडको सोह्रौं वार्षिक साधारणसभा मिति २०८० साल पुस २९ गते आइतबार (तदनुसार १४, जनवरी, २०२४) लिसारा रिसेप्सन, नक्साल, काठमाडौंमा विहान ११.०० बजेबाट सञ्चालन गर्ने सूचना मिति २०८० पुस ७ गते (२१ दिन अघि) प्रथम पटक अन्नपूर्ण पोष्ट र पुनः मिति २०८० पुस ९ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी, यस विकास बैंकको वेबसाइट www.jbbl.com.np मा समेत राखी सेयरधनी महानुभावलाई बैंकको रेकर्डमा रहेको इमेल ठेगानामा इमेलमार्फत र मोबाइल नं. मा एस एम एस मार्फत सूचित गरिएको साथै यस साधारणसभासँग सम्बन्धित वार्षिक प्रतिवेदन सेयरधनी महानुभावलाई उपलब्ध हुने व्यवस्था मिलाइएको थियो ।

**५. गणपूरक सङ्ख्या :**

| कुल सेयरधनीको सङ्ख्या | जम्मा उपस्थित सङ्ख्या (स्वयम्, प्रतिनिधिद्वारा) | जम्मा सेयरको प्रतिनिधित्व (सङ्ख्यामा) | बाँडफाड भएको सेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| **१,०१,४२४ (क-ख समूह) (भौतिक तथा अभौतिक)** | **जम्मा १,१०९ जना (स्वयम् उपस्थित ४२२ जना, प्रतिनिधिपत्र द्वारा ६४३ जना र भर्चुअल माध्यम मार्फत ४४ जना )** | **२,३४,३७,५९५.३२** | **५३.३१ %** |
| **जम्मा सेयर सङ्ख्या** | **४३,९५७,८५८.८६** | | |

**६.** **सभाको वैधानिकता तथा अध्यक्षता:**

कम्पनी सचिवले उपस्थित सेयरधनी महानुभावलाई विकास बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा विकास बैंकको नियमावलीको नियम २३ बमोजिम सेयरधनीको उपस्थिति र गणपूरक सङ्ख्या पर्याप्त रहेको ब्यहोरा जानकारी गराई साधारणसभा सञ्चालनका लागि आवश्यक वैधानिकता पूरा भएकाले सभाको अध्यक्षता ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री हरि चन्द्र खड्का ज्यूलाई अनुरोध गर्नुभयो र अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

कम्पनी सचिवले विकास बैंकको वर्तमान सञ्चालक समितिका सदस्यहरू तथा प्रमुख कार्यकारी अधिकृत लगायत बैंकका पदाधिकारीहरू तथा नियमनकारी निकायका प्रतिनिधि ज्यूहरूलाई आसन ग्रहण गराउनुभयो ।

**७.** **प्रमुख कार्यकारी अधिकृत कपिल ढकालबाट स्वागत मन्तव्य :**

प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले बैंकको सोह्रौं वार्षिक साधारणसभामा भौतिकरूपमा तथा भर्चुअल माध्यमबाट सहभागी हुनुभएका सम्पूर्ण सेयरधनी महानुभाव तथा आमन्त्रित अतिथि महानुभावलाई बैंकको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नुभयो । बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको प्रमुख कार्यकारीको मन्तव्य व्यक्त गर्नुभयो ।

**८.** **सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति :**

कम्पनी सचिवले अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको प्रतिवेदन पेश गर्न सभाध्यक्षलाई अनुरोध गर्नुभयो । सभाध्यक्षले सर्वप्रथम सम्पूर्ण सेयरधनी महानुभावलाई ज्योति विकास बैंक लि. को सोह्रौं वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट साधारणसभा समक्ष आफ्नो मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सभासमक्ष सञ्चालक समितिको प्रतिवेदनमाथि छलफलमा भाग लिन तथा यस विकास बैंकको कारोबारसम्बन्धी विविध पक्षहरूमा आफ्नो विचार मन्तव्य तथा जिज्ञासा व्यक्त गर्न सेयरधनी महानुभावलाई अनुरोध गरियो ।

**९.** **छलफलमा सहभागी हुने सेयरधनी महानुभाव :**

छलफलका क्रममा निम्न सेयरधनी महानुभावले आ-आफ्नो राय, जिज्ञासा र सुझाव व्यक्त गर्नुभयो ।

श्री गुणराज भट्ट

- बैंकले यो बर्ष लाभांश दिनसकेन र यसको मुख्य कारण भनेको NPL बढ्नु हो । NPL ३.४० प्रतिशत छ जुन १ प्रतिशतभन्दा कम हुनु पर्छ ।
- NPL बढ्नुको मुख्य कारण भनेको बैंकबाट ऋण लिने, साँवा र ब्याज नतिर्ने प्रवृत्ति तथा बढिरहेको अराजकता हो, यसमा सरकारले पनि केही गर्न नसकेको जस्तो लाग्छ ।
- यदि बैंकको ऋण फिर्ता भएन भने निक्षेपकर्ताहरूलाई बैंकले ब्याज दिन सक्दैन र निक्षेप ग्राहकले Deposit राख्न सक्दैन । त्यस पछि अर्थतन्त्र झनै सिथिल हुँदै जान्छ ।
- थप ऋण दिने भन्दा दिएका ऋण कसरी उठाउने र गुणस्तरीय कर्जामा ध्यान दिनुहुन अनुरोध छ ।
- अनुशासित, अनुभवी र तालिम प्राप्त कर्मचारीहरूले नै बैंकलाई उचाइमा पुऱ्याउन सक्छन् र त्यस्ता कर्मचारीलाई राम्रो तलब भत्ता, सेवा सुविधा, आवश्यक तालिम र Promotion को व्यवस्था मिलाउनु पर्छ । यसले बैंकलाई नोक्सानभन्दा पनि थप मुनाफा दिलाउन प्रेरित गर्छ ।
- Merger मा जाँदैमा बैंकलाई राम्रो हुन्छ भन्ने छैन । कतिपय बैंकहरू Merger मा गए पश्चात सेयरधनीहरलाई उचित प्रतिफल दिन नसकिरहेको र मुनाफा पनि कम भइरहेको अवस्थामा ज्योति विकास बैंक पनि अहिलेलाई मर्जरमा नगएकै राम्रो जस्तो लाग्छ । Merger मा जान होडबाझी गर्न आवश्यक छैन । त्यस्तो गर्दा फाइदा हुँदैन ।
- पैसा चाहियो भने FPO, Right Share जारी गर्न सकिन्छ र बढेको पूँजीमा पनि गुणस्तरीय ऋण दिए मात्र ब्याज आउने हुन्छ ।

श्री सुदीप श्रेष्ठ

- गत आ.व. ६.८% लाभांश, बोनस सेयर बाँड्न सफल भएको यस बैंक आ.व. ७९/८० मा निक्षेप संकलनमा ११.८१% ले वृद्धि हुँदा निक्षेप ६३ अर्ब माथि पुगेको, कर्जा प्रवाहमा ६.९८% ले वृद्धि हुँदा कर्जा



JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

प्रवाह ५४ अर्ब बढि पुगेको देखिएको तर यस वर्ष ऋणीले साँवा, ब्याज समयमानै भुक्तानी गर्न नसक्दा र बैंकले पनि ऋण उठाउन नसकेको कारण नाफा घट्न पुगेको देखिन्छ ।

- NPL को data हेर्दा आ.व. ७५/७६ मा ०.५४% रहेको NPL आ.व. ७९/८० सम्म आइपुग्दा ३.४३% मा बढ्नुको कारण बैंकले ऋण समयमानै उठाउन नसक्नु हो जस्तो लाग्छ ।
- आ.व. ७३/७४ देखि आ.व. ७९/८० सम्ममा तीनवटा वित्तीय संस्था मर्ज गरिसकेको यस विकास बैंक मर्जर भएको पाँच वर्ष पुरा भइसकेकोले गर्दा अरु वित्तीय संस्था जस्तो मर्जरको असर परेको देखिदैन ।
- ज्योति विकास बैंकमा नेपाल विद्युत प्राधिकरणसँग सम्बन्धित कर्मचारी सेयरहोल्डर रहनुभएको एवं सञ्चालक समितिको कुशल टिम रहनुभएकाले आगामी वर्ष राम्रो प्रतिफल दिन सक्छ भन्ने लाग्दछ ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत रु.५५ लाख ६६ हजार विभिन्न संघ संस्थालाई दिएको रकम सदुपयोग भए नभएको कुरा समय समयमा अनुगमन गर्नुभएको छ कि छैन तर यस किसिमको सामाजिक खर्चलाई अनुगमन गर्दै निरन्तरता दिनुपर्छ ।

श्री उत्सव श्रेष्ठ

- वार्षिक प्रतिवेदन हेर्दा ५ प्रतिशत बोनस सेयर वितरण गर्न सक्ने क्षमता देखिन्छ तर किन वितरण नगरिएको होला ?
- प्रतिवेदनमा अध्यक्ष तथा सञ्चालकको दैनिक तथा भ्रमण भत्तामा वृद्धि गर्ने प्रस्ताव गरिएको छ तर हामी सेयरधनीलाई हात खाली राखेको उचित भएन ।
- सञ्चालकको शुल्क र सञ्चालकको खर्च भनेर देखाइएको रकम जुन छ के यो कुरा जायज होला ? सञ्चालकलाई यत्रो रकम कसरी खर्च भयो ?
- हाम्रो काम Business गर्ने, Business बढाउने हो । CSR activities गर्ने हाम्रो काम होइन । राम्रोसँग काम गरेर राम्रो प्रतिफल दिने हो । सेयरधनीलाई खुशी बनाउने हो । यसरी जथाभावी CSR activities गर्ने पैसा बढ्दै गयो भने त सेयरधनीलाई दिने Dividend झन झन् घट्दै जान्छ । पहिला सेयरधनीलाइ Dividend बाँड्न सफल हुनुहोस् अनि मात्र CSR activities मा ध्यान दिनुहुन अनुरोध गर्दछु ।
- Merger मा नजानुहोस् हामीलाई घाटा हुन्छ । प्रवेशपत्रमा कम्पनी सचिवको दस्तखत नै छैन भने यो कत्तिको कानुन सम्मत् छ यस विषयमा ध्यान जाओस् ।

श्री ब्रम्हदेव शाक्य

- केन्द्रीय बैंकको निर्देशनलाई शिरोधार्य गरी संस्थागत सुशासन सहित व्यवसायका आधारभूत मर्मलाई अंगिकार गर्दै कार्य क्षेत्रमा लागेको राम्रो लाग्यो । जोखिम बहन कोषमा यथेष्ट रकम छुट्याइएको देखिन्छ जुन CEO को मन्तव्यबाट थप प्रष्ट हुन्छ । यसैको कारण मुनाफामा सङ्कुचन आई हामीहरूको चासोको विषय 'लाभांश' यस सभामा प्रस्तावको रूपमा नआएको बुझ्न सकिन्छ । यद्यपि Digital Banking, Digital Infrasactucture साथै HCI प्रविधी उपयोगमा ल्याई व्यवसाय विस्तार र विविधीकरण गर्न ९४५ जना कर्मचारीहरूको नेतृत्व गरी अघिबढिरहेको CEO को मन्तव्यमा उल्लेख हुँदा भने आगामी वर्षहरूमा पक्कै पनि लाभांश पाइने आशा गर्न सकिन्छ ।
- केही आर्थिक अराजकता मच्चाउने तत्वहरूका कारण समग्र बैंक वित्तीय सस्थाहरूमा NPA को मात्रा अस्वाभाविक रूपमा बढ्न गएको र यस विकास बैंक मात्र त्यसबाट अछुतो रहन सक्ने भएन । आशा गरौं सरकारले उपयुक्त कदम चालिदिनेछ । राष्ट्र बैंकले केही कठोर आर्थिक नीति खुकुलो बनाइदिएको कारण बैंकहरूमा अधिक तरलता बढन गई ब्याज समेत घट्न गएकाले नयाँ ऋण लगानी बढाउने वातावरण सृजना भएको छ । त्यसमाथि सहकारी संस्थाहरूमा आम नागरिकको विश्वास घटिरहेकाले बैंक वित्तीय संस्थाहरूमा आर्कषण बढिरहेको अवस्थाको फाइदा उठाउन सुझाव दिन चाहन्छु ।
- यस विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएका कार्यहरूको विवरणात्मक चित्रहरू धेरै मात्रामा देखिनु विकास बैंक समाजमा घुलमिल हुन सकेको राम्रो संकेत मान्न सकिन्छ ।
- Merger वा Acquisition विशेष प्रस्ताव कर्मकाण्ड पुरा गर्न मात्र आएको जस्तो लाग्छ जुन प्रस्ताव अहिलेको अवस्थामा ठीक देखिदैन ।
- आगामी वर्ष पक्कै लाभांश दिन सक्ने गरी काम गर्नु हुनेछ भनी आशा गर्दछु ।



JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

श्री मदन बहादुर के.सी.

- आज सेयरधनीहरूले यस विकास बैंकको संस्थापक सेयरमा गरेको लगानीमा प्रतिफल पाउन नसक्दा दु:ख लागेको छ ।
- बैंकले मर्जरपश्चात् राम्रै शाखा विस्तार गरेको, मुनाफा पनि बढ्दै गएको थियो तर सोही लय समाउन नसकेको जस्तो लाग्यो ।
- ज्योति विकास बैंक धेरै CEO परिर्वतन गर्ने सस्था जस्तो भएको छ । CEO चाँडै परिवर्तन गर्दा संस्थाले गति लिन नसके जस्तो लाग्छ ।
- COVID 19 को समयपश्चात् नेपालको अर्थतन्त्र राम्रोसँग फस्टाउन नसकिरहेको अवस्थामा ज्योति विकास बैंक पनि मारमा परे जस्तो देखियो, यसतर्फ ध्यान पुऱ्याउनु पऱ्यो ।
- अर्को वर्ष सेयरधनीलाई राम्रो प्रतिफल दिने गरेर काम गर्नुहुन अनुरोध गर्न चाहन्छु ।

श्री चन्द्र नारायण श्रेष्ठ

- आधुनिक प्रविधिको माध्यमबाट बोल्ने मौका दिनुभएकोमा धन्यबाद ।
- बैंकको Dividend आएन, प्रतिफल भएन, सेयरहोल्डरको उन्नति नहुने भयो, समस्या हुने भयो ।
- Economy मा नै ब्याजदर बढ्ने घट्ने भइरहेको अवस्थामा आज धेरै बैंकहरूले ब्याजदर घटाइरहेको अवस्थामा अर्को वर्ष चाहीं राम्रो dividend प्राप्त गर्नको लागि अहिलेदेखिनै काम गरिदिनुहुन अनुरोध गर्दछु ।
- गत वर्ष २९ करोड पैसा बाँडेको थियो बोनस सेयर, Cash Dividend गरेर, अहिले Dividend नदिनेहरूको सूचिमा ज्योति विकास बैंक पनि परेको छ, त्यो राम्रो भएन । त्यसैगरी Revenue मा असर पर्ने गरी रु.३४८ करोडको Impairment Charge छुट्याइएको छ जुन गत वर्ष छुट्याइएको भन्दा धेरै बढि भयो ।
- Retained Earnings, Profit पनि पाँच वर्षको विवरण हेर्दा यस वर्ष Lowest Net Profit आएको छ, Profit मा सुधार गर्दै जानुहोस् ।
- अर्को वर्ष Double Digit मा प्रतिफल दिन सफल हुनुहोस् । Capital Adequacy पुगेको छैन भने बोनस सेयर दिनुहोस् पुगेको छ भने Cash Dividend दिँदै जानुहोस् ।

श्री डमरु बल्लभ घिमिरे (लिखित रूपमा मन्तव्य पेश भएको)

- यस ज्योति विकास बैंकको सोह्रौं वार्षिक साधारणसभाका सभापति महोदय, सञ्चालकज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू, व्यवस्थापन वर्ग, उपस्थित संस्थापक, सर्वसाधारण सेयरधनी साथीहरू, कर्मठ कर्मचारीहरू लगायत सबैमा हार्दिक अभिवादन नमस्कार छ ।
- सर्वप्रथम कम्पनी ऐन, नियम र हाम्रो प्रवन्धपत्र, नियमावली अनुसार तोकेको अन्तिम दिनको (११ बजे कै समय) मा आएर यो साधारणसभा गर्नुभएकोमा धन्यवाद छ ।
- प्रस्तुत प्रतिवेदन अध्ययन र विष्लेषण गर्दा भने साधारणसभा र व्यवस्थापनले निकै मिहेनत गरेको भएता पनि उत्कृष्टता र आय Dividend आउन नसकेको देखिन्छ ।
- हामी लगानीकर्ताको मुख्य आकांक्षा, चाहना भनेको प्रतिफलमुखी Dividend हो तर त्यसो भएन । आगामी सत्रौं सभामा Dividend, Bonus Share आउने काम होस् ।
- विनम्र अनुरोध छ की आगामी वर्ष देखी यसरी पुस मसन्तमा AGM जुधाएरर आलोचनाको पात्र नबन्न र कार्त्तिक/मङ्सिर सम्ममा AGM गरेर वाहीवाहीको पात्र बन्नुहोस् भन्ने शुभकामना छ ।
- अहिलेको विषम परिस्थितिमा स्वदेश र विदेशको भ्रमण भत्ता बढाउनु Dividend नदिएको अवस्थामा यो नसुहाउँदो भयो फिर्ता लिई महानता देखाउन सुझाव छ ।
- यत्रो ठूलो २२८ पेजको प्रतिवेदनमा पनि नोट/टिपोटको एक पाना नहुनु व्यवस्थापनको कमी हो । सेयरधनीको अपमान बाहेक के नै भन्न सकिन्छ र ?
- अर्को यत्रो २२८ पेज हुँदा र सञ्चालक समिति, व्यवस्थापन समिति, कर्मचारीको फोटाहरू र अनेकन विज्ञापन आउने तर साधारणसभाका झलक र फोटा कतैपनि नआउनु दु:खदको विषय हो । आगामी वर्ष ल्याउन/राख्न सुझाव र अनुरोध छ ।

- अन्तिममा यो सोह्रौं वार्षिक साधारणसभाको सफलताको कामना गर्दै बैंकको उत्तरोत्तर प्रगतिको मन्तव्यसहित सबैलाई शुभकामना र धन्यवाद दिन चाहन्छु ।

**सेयरधनी महानुभावहरूले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझाव एवं सभाध्यक्ष स्वयम् र सभाध्यक्षको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफ :**

**प्रमुख कार्यकारी अधिकृत**

प्रमुख कार्यकारी अधिकृत कपिल ढकाल ज्यूले सभामा सहभागी सबैमा पून: धन्यवाद ज्ञापन गर्नुभयो । आदरणीय सेयरधनी महानुभावहरूको सुझाव अमुल्य रहेको बताउनुहुँदै निम्नानुसार प्रतिक्रिया दिनुभयो ।

- NPL घटाउने पूर्ण प्रयास गरेका छौं । त्यसलाई Control मा ल्याइसकेपछि Risk Absorption Capacity को लागि प्रेभिजन गरेको रकम free-up हुन्छ । यसलाई Free-up गराउन सक्यौं भने सेयरधनीलाई एक लेबलको Return दिन सक्छौं ।
- यस बैंकको सञ्चालकहरू प्रशिक्षणमा जाँदा अरु विकास बैंकको व्यवस्थापन तहको तुलानामा पनि दैनिक भ्रमण भत्ता साह्रै थोरै भएको । प्रिमियम भनेर थप गर्ने कोशिस पटक्कै गरेको हैन । Chicken Comes First or Egg Comes First भने जस्तै पहिला कर्मचारीहरूलाई तालिम दिने कि कर्मचारीहरूको Result हर्ने भन्ने प्रश्नबाट हामीले विचार गरेर नै निर्णय गरेका हाँ । Director भनेपछि त्यो Level को Personality Maintain गर्नको लागि दिने सुविधा बढाउनको लागि नभई कम्तीमा समकक्षी बराबर हुनको लागि प्रस्ताव गरिएको हो ।
- Merger & Acquisition विशुद्ध सेयरधनी महानुभावहरूले गर्ने कुरा हो । Merger मा जाने जस्तो कुरा भयो भने हामी फेरी बिचमा सेयरधनीहरूसँग छलफल गर्नेनै छौं ।
- यस वर्ष सेयरधनी महानुभावहरूलाई कुनै पनि Dividend दिन सकेनौं र यसलाई अन्यथा नलिन अनुरोध गर्दछु । Risk Absorption लाई छुट्याइएको रकम बाहेक पनि अरु रकम छ तर अर्को Pocket मा छ । Portfolio लाई सफा गरेर राम्रो बलियो आधार बनाउने अनि consistant र राम्रो लाभांश दिन सकिन्छ भनेर हामी पूर्ण तयारी गर्दैछौं ।

**अध्यक्ष श्री हरि चन्द्र खड्का**

अध्यक्ष ज्यूले सभामा आफ्नो जिज्ञासा तथा सुझाव राख्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्दै निम्नानुसार प्रतिक्रिया दिनुभयो ।

- अहिलेसम्म १ प्रतिशत भन्दा कम NPL कायम राख्न सकेका थियौं तर विगत दुई आर्थिक वर्षहरूमा बढ्न गयो र गत आर्थिक वर्षमा ३.४ प्रतिशत भयो । हामी र हाम्रो साथीहरू यसलाई घटाउन पूर्ण रूपमा प्रयासरत छौं ।
- अर्थतन्त्रमा आएको अहिलेको परिर्वतनले गर्दा यस्तो अप्ठेरो भए जस्तो लाग्छ । ज्योति विकास बैंकको मात्र नभएर समग्र वित्तीय क्षेत्रलाई असर गरेको छ ।
- अहिलेसम्मको सबै भन्दा बढी ९५ करोडको Impairment Charge यो आर्थिक वर्षमा मात्र गरेका छौं । समग्रमा हेर्ने हो भने हामी राम्रो अवस्थामा नै छौं तर ९५ करोडको Impairement Charge को कारणले गर्दा अप्ठेरो भएको हो । Impairement Charge भनेको नोक्सान होइन । यसले भोलिको दिनमा जोखिम बहन गर्ने क्षमता बढाउँछ र यो Right Back भएको दिनमा पक्कै पनि सेयरधनीहरूको लाभांशकै रूपमा जान्छ । त्यती ठुलो रकम Impairement Charge राख्दै गर्दा पनि ३० करोडको Profit निकाल्न सफल भएका छौं ।
- अर्थतन्त्रमा आएको सिथिलताले गर्दा लाभांश दिन नसकिएको हो । बैंक घाटामा गएको अवस्था होइन । हामी विकास बैंकहरूको अधिकांश Loan Portfolio Realestate Collateral Based हुने भएकोले हामी Safe Side मा नै छौं ।
- Merger मा जान केही प्रस्ताव आएमा सहजीकरण गर्नका लागी मात्र मर्जरको प्रस्ताव गरिएको हो । हामी कुनै बैंक तथा वित्तीय संस्थासँग Merger वा Acquisistion मा जाने प्रस्ताव गरेका छैनौं । ज्योति विकास बैंक आफैं लिड बैंक भएर कुनै संस्थालाई Acquire गर्न वा Merge गराउन र त्यसको नेतृत्व ज्योति विकास बैंक गर्ने गरी मात्र प्रस्ताव गर्नेछौं ।

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

- यस विकास बैंकले Director सँग सम्बन्धित कुनै पनि भत्ताको लागि प्रस्ताव गरेको नभई मात्र विदेशमा कार्यकारी तहको वा सञ्चालक समितिको प्रतिनिधित्व गरी भ्रमण गर्दा अरु समकक्षी बैंकहरूसँग प्रतिस्पर्धी हुन सकियोस् भन्ने चाहना हो ।

**१०. प्रस्तावमाथि छलफल तथा निर्णयहरू :**

**(क) समान्य प्रस्ताव :**

(१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय : सभाका अध्यक्षले सञ्चालक समितिको तर्फबाट साधारणसभा समक्ष प्रस्तुत गर्नु भएको प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**

(२) लेखापरीक्षकको प्रतिवेदनसहितको ज्योति विकास बैंक लि. को २०८० असार मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्ने ।

**निर्णय : लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि. को आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**

(३) यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व. २०७९/८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।

**निर्णय : लेखापरीक्षकको प्रतिवेदनसहितको यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि. को आ.व. २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरणसहितको बैंकको एकीकृत वित्तीय विवरण ( Consolidated Financial Statement) लगायतका वार्षिक वित्तीय विवरणहरूमाथि छलफल गरी स्वीकृत गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**

(४) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने(आ.व. २०७९/८० को बाह्य लेखापरीक्षक P.J.P.N & Co. नियुक्तीका लागि योग्य हुनुहुन्छ) ।

**निर्णय : बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षण गर्न लेखापरीक्षक P.J.P.N & Co. लाई नियुक्त गर्ने र निजको पारिश्रमिक मु.अ. कर सहित रु.९,६०,०००।-(अक्षरेपि नौ लाख साठी हजार) मात्र निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**

(५) सर्वसाधारण सेयरधनी (समूह "ख") को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने महिला सञ्चालकको समयावधि समाप्त भई रिक्त हुने १ जना सञ्चालकको निर्वाचन गर्ने । यस विकास बैंकको हाल कायम सञ्चालक समितिको संरचना र कम्पनी ऐन २०६३ को दफा ८६ (२) मा एक महिला सञ्चालक अनिवार्य रहनुपर्ने बाध्यात्मक व्यवस्था भए बमोजिम उक्त निर्वाचनमा महिला सेयरधनीले मात्र उम्मेदवारी दिन सक्नेछन् ।

**निर्णय : सर्वसाधारण सेयरधनी समूह "ख" को तर्फबाट सञ्चालकमा प्रतिनिधित्व गर्ने १ जना महिला सञ्चालकको निर्वाचनको प्रस्ताव रहेकोमा उक्त निर्वाचनसम्बन्धी कार्यतालिका बमोजिम जम्मा एक जना सेयरधनी, श्री मन महर्जनको मात्र उम्मेदवारी परेकाले निज श्री मन महर्जन निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन अधिकृत अधिवक्ता श्री संजीब कुमार लामाले सभा समक्ष घोषणा गर्नुभएबमोजिम निज उम्मेदवार श्री मन महर्जन निर्विरोध निर्वाचित हुनुभयो ।**

**(ख) विशेष प्रस्ताव:**

(१) यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरूलाई गाभ्ने (Merger) वा प्राप्ति( Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पूरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व

(Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित कानुनबमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय :** **यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरूलाई गाभ्ने (Merger) वा प्राप्ति ( Acquisition) गर्ने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्याङ्कनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा प्रचलित ऐन कानुनबमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**

(२) सञ्चालक समितिका अध्यक्ष र सञ्चालकको भ्रमण भत्ता समयानुकूल समायोजन गर्न बैंकको नियमावली को दफा ३२ को 'ग' मा संसोधन गर्ने र सामूहिक लगानी कोष/PEVC/Hedge Fund जारी गर्नका लागि बैंकको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गर्ने ।

**निर्णय :** **सञ्चालक समितिका अध्यक्ष र सञ्चालकको भ्रमण भत्ता समयानुकुल समायोजन गर्न बैंकको नियमावली को दफा ३२ को 'ग' मा संसोधन गर्ने र सामूहिक लगानी कोष/PEVC/Hedge Fund जारी गर्नका लागि बैंकको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संसोधन गर्ने प्रस्तावका सम्बन्धमा नियामक निकायबाट स्वीकृति प्राप्त भएपछि लागु हुने गरी तपसिलमा उल्लिखित तीन महले बमोजिम बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**

सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरूको दैनिक तथा भ्रमण भत्ता संसोधन गर्ने सम्बन्धमा बैंकको विनियमावली (AOA) को दफा ३२ (ग) मा संसोधनको लागि प्रस्तावसहितको तिन महले ।

| नियम | नियमावलीमा भएको साविक व्यवस्था | संसोधन गर्नुपर्ने व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| ३२(१)ग (अ) | स्वदेशमा दैनिक भत्ता रु. ६,०००।- | स्वदेशमा दैनिक भत्ता रु.१०,०००।- | समयानुकुल परिवर्तन गर्नुपर्ने भएकोले |
| ३२(१)ग (आ) | भारतमा दैनिक भत्ता भारु.३०००।- | भारतमा दैनिक भत्ता भारु.१०,०००।- | समयानुकुल परिवर्तन गर्नुपर्ने भएकोले |
| ३२(१)ग (इ) | भारत बाहेक अन्य मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १५०।- | भारत बाहेक अन्य मुलुकमा दैनिक भत्ता सार्क राष्ट्रहरूको हकमा अमेरिकी डलर २००।-<br>सार्क राष्ट्र बाहेकका अन्य राष्ट्रहरूको हकमा अमेरिकी डलर ३००।- | समयानुकुल परिवर्तन गर्नुपर्ने भएकोले |

विकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरूमा आवश्यक संसोधनका लागि बैंकको प्रवन्धपत्रको दफा ५(व)मा संसोधनको लागि प्रस्तावसहितको तिन महले ।

| दफा | प्रवन्धपत्रमा भएको साविक व्यवस्था | संसोधन/थप गर्नुपर्ने व्यवस्था | संशोधनको कारण |
|---|---|---|---|
| ५(व) | नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही सेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र, वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने । | नेपाल राष्ट्र बैंकले तोकिदिएको सीमाभित्र रही सेयर, डिबेन्चर, बण्ड, ऋणपत्र, बचतपत्र, **समुहिक लगानी कोष(Mutual Fund), प्राइभेट इक्विटी एण्ड भेन्चर क्यापिटल(PEVC), हेज फण्ड** वा अन्य वित्तीय उपकरणको माध्यम बाट पूँजी परिचालन गर्ने । | पूँजी परिचालनको नयाँ सम्भावनाको सदुपयोग गर्न प्रवन्धपत्रमा संसोधन आवश्यक भएकोले |

(३) उपरोक्त उल्लिखित विषयहरूका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सोअनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

<u>निर्णय :</u> **उपरोक्त विषयका सम्बन्धमा विकास बैंकको प्रबन्धपत्र र नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकायबाट संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट सहित आवश्यक प्रक्रिया अघि बढाउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।**

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन:**

छलफलका विषय तथा प्रस्ताव पारित तथा अनुमोदन भएको घोषणा गर्दै अध्यक्षज्यूले सभामा उपस्थित सेयरधनी महानुभाव, सम्बन्धित निकायका प्रतिनिधि, पत्रकार, बैंकका कर्मचारी, पदाधिकारी एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिँदै सोह्रौं वार्षिक साधारणसभा समापन भएको घोषणा गर्नुभयो ।

मितिः २०८०/०९/२९

JYOTI BIKASH BANK LTD. KAMALPOKHARI, KATHMANDU

................
बलदेव थापा
कम्पनी सचिव

................
हरि चन्द्र खड्का
अध्यक्ष- सञ्चालक समिति